डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

## अनधिकृत रुपमा जम्मा गरेको ढुङ्गा बढाबढ प्रकृया द्वारा बिक्री गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित: २०८०।०८।२१ गते)**

यस गाउँपालिकाको क्षेत्रभित्र पर्ने मगरौउँखोलाबाट ढुङ्गा उठाउन अनुमति नदिएको अवस्थामा विभिन्न व्यक्तिहरुले मगरौउँखोलाको ढुङ्गा डडिया चरन क्षेत्रमा जम्मा गरेकोले उक्त सामग्रीहरु यस गाउँपालिकाले बढाबढ प्रकृयाद्वारा तपसिलका शर्तहरु राखी बिक्रीको लागि यो सूचना सम्बन्धित सवैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**बिक्री गरिने मालसमानहरु:**

१. अनधिकृत रुपमा डडिया चरन क्षेत्रमा जम्मा गरी राखेका ढुङ्गाहरु ।

**शर्तहरु:**

१. बोलपत्र खरिद फारम डिलासैनी गाउँपालिकाको वेबसाइटबाट साथै डिलासैनी गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२. ईच्छुक बोलपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन भित्र बोलपत्र फारम दस्तुर बापत रु. १०००।-(अक्षरेपी एक हजार मात्र।) फिर्ता नहुने गरी डिलासैनी गाउँपालिकाको नाममा कुमारी बैंक डिलासैनी शाखामा रहेको आन्तरिक राजस्व खाता ०८८००३४२४२४००००८ मा दाखिला गरेको सक्कलै राजस्व भौचर संलग्न गरी दर्तावाला फर्मका सम्पूर्ण आवश्यक कागजात(फर्म दर्ता प्रमाणपत्र, नविकरण गरेको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र) सहित वोलपत्र खरिद गरी पाउँ भनी आवेदन पेश गर्नु पर्नेछ ।

३. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको कुल रकमको १० प्रतिशतले हुने रकम यस कार्यालयको राजस्व खाता नम्बर ०८८००३४२४२४००००८ मा दाखिला गरेको सक्कलै वैंक भौचर वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिनको म्याद भएको जमानत पत्र(विडवण्ड) शिलबन्दी वोलपत्रसाथ दाखिला गर्नु पर्नेछ ।

२०८०।८।२१

डिलासैनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

डिलासैनी, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल ।

४. बोलपत्र गर्ने दिनको(१६ दिनको) २.३० बजे दर्ता भएका सबै शिलवन्दी वोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । यदि वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको कारणले वोलपत्र खोल्ने वाधा पर्ने छैन ।

५. बोलपत्र फारम भर्दा स्पष्ट अंक र अक्षरमा उल्लेख गरी गर्नुपर्नेछ । कहिकतै केरमेट भएमा सो स्थानमा दस्तखत समेत गर्नुपर्नेछ र फर्म वा कम्पनीले वोलपत्र पेश गरेमा सो संस्थाको छाप समेत लगाउनु पर्नेछ । साथै समयभित्र पेश नभएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

६. कबोल अंकको १३% रकम भ्याट रकम सम्वन्धित ठेकेदारले सम्झौता गर्दा बुझाउनु पर्नेछ ।

७. यसमा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

८. ठेक्का स्वीकृत भएपछि स्वीकृत हुने ठेकेदारको धरौटी रकम सम्झौताको सम्पूर्ण काम अवधि समाप्त भई कार्य सम्पन्न भएपछि मात्र फिर्ता गरिनेछ । पहिलो किस्ता ७५%, दोस्रो किस्ता २५% हुनेछ । पहिलो किस्ताको रकम सम्झौता गरेको दिन अग्रिम रुपमा दाखिला गरेको हुनुपर्नेछ र बाँकी रकम सम्झौता गरेको मितिले ३ महिना भित्रको बैंक ग्यारेन्टि समेत पेश गर्नुपर्नेछ ।

<u>तपसिल:</u>

| ठेक्का नम्बर | ठेक्काको किसिम | ठेक्का उठाउन पाउने क्षेत्र | न्यूनत्तम अंक(भ्याट बाहेक) रु. | दरभाउपत्र फारम शुल्क रकम रु. | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| DRM/०१/२०८०/२०८१ | डडिया चरन क्षेत्रको ढुङ्गा वढावढ विक्री गर्ने कार्य | डडिया चरन क्षेत्रको जम्मा गरी राखेको ढुङ्गा | ३७८३५.९। | १०००। | कबोल अंकको ५% | |

2080/8/29



CamScanner